# प्रेश विज्ञप्ति

वेलायती संसदको अन्तरराष्ट्रिय विकास समितिका अध्यक्ष सर माल्कोम ब्रुसको नेतृत्वमा सो समितिका ७ जना साँसद र वेलायती राजदुत सहितको संसदीय प्रतिनिधि मण्डलले माननीय उप प्रधान तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्री श्री प्रकाशमान सिंहसंग संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा आज भेटघाट सम्पन्न गरेको छ । उक्त कार्यक्रममा मन्त्रालयका उच्च अधिकारी र बेलायती सहयोगमा सञ्चालित परियोजनाका प्रमुखहरु समेतको उपस्थिति थियो । छलफलमा दई पक्षीय सहयोग तथा आपसी हितका बिषयमा परामर्श गरिएको थियो । उक्त अवसरमा बेलायती प्रतिनिधि मण्डलबाट नेपालको स्थानीय स्वायत्त शासन कार्यक्रम, ग्रामीण सडक पहुँच कार्यक्रम, सहभागितामूलक समावेशी विकास, मौसम परिवर्तन तथा वातावरण मैत्री स्थानीय शासन एवं स्थानीय निकायको निर्वाचन र संविधान निर्माणका बिषयमा जिज्ञासा प्रकट गरिएको थियो ।

कार्यक्रममा माननीय उपप्रधान मन्त्रीज्यूबाट जनप्रतिनिधि विहिन अवस्थामा समावेशी स्थानीय विकासका लागी सहभागितात्मक पद्धतिको अवलम्बनलाई सुदृढ गराउन र स्थानीय निकायलाई नागरिक प्रति उत्तरदायी बनाउन करिब ३६ हजार वडा नागरिक मञ्च र करिब ४ हजार ३ सय नागरिक सचेतना केन्द्र गठन गरी यी नागरिक संस्थामा आबद्ध झण्डै १० लाख सकृय नागरिक हरुलाई सामाजिक परिचालन मार्फत क्रियाशील बनाइएको र स्थानीय तहको श्रोत बृद्धि गरी लक्षित समुदायलाई स्रोत साधन तथा अवसरमा बढाइएको चर्चा गर्नु भयो ।

यसैगरी माननीय उपप्रधान मन्त्रीले स्थानीय विकासका क्षेत्रमा नागरिकको निगरानी बढाउन ६०० भन्दा बढी नागरिक संस्थाहरु परिचालन गरी सार्वजनिक उत्तरदायित्व बढाइएको बिषयलाई जोड दिदै कार्यक्रमका गतिविधिलाई पारदर्शी र सर्व साधारणको पहुँचमा बृद्धि गर्न संचार जगत र विज्ञहरुलाई संलग्न गराई अनुगमनमा जोड दिइएको उल्लेख गर्नु भयो ।

कार्यक्रमले गरिब तथा पिछडिएको समुदायको शशक्तिकरण  र सामाजिक परिवर्तनमा उल्लेख्य भूमिका रहेको बिषयमा जोड दिदै यस कार्यक्रमबाट स्थानीय सुशासनमा सुधार गरिएको, आर्थिक प्रशासनलाई बढी पारदर्शी र सूचनामूलक बनाईएको, स्थानीय शासनका सरोकारवालाहरुको क्षमता विकासमा गरेको योगदानको बारेमा चर्चा गर्नु भएको थियो ।

अन्तरिम स्थानीय निर्वाचन गरी निर्वाचित जनप्रतिनिधिलाई स्थानीय निकाय जिम्मा लगाउन सरकार निरन्तर रुपमा निर्वाचनको वातावरण बनाउन लागि परेको बिषयलाई चर्चा गर्दै स्थानीय प्रजातन्त्रको सुदृढीकरण गर्न निर्वाचित स्थानीय निकाय आवश्यक परेको उल्लेख गर्नु भयो ।

यो भेटमा संसदीय टोलीले खासगरी नेपालमा स्थानीय सुशासन, गरिबी निवारण, स्थानीय स्तरमा पहुँचमा बृद्धि, समावेशी विकास जस्ता बिषयमा जिज्ञासा राख्नुका साथै स्थानीय निकायको निर्वाचन तथा नयाँ संविधान तत्काल जारी हुने सम्भावनाका बारेमा माननीय उपप्रधान मन्त्रीज्यू समक्ष स्पष्ट गर्न आग्रह गरेको थियो ।

सो छलफलमा माननीय उप प्रधानमन्त्री सिंहले संसदीय टोलीले राखेका जिज्ञासाहरुको सम्बोधन गर्दै नेपाल सरकार र संयुक्त अधिराज्य सरकारका बिच रहेको लामो सौहार्द्धपूर्ण सम्बन्धमा चर्चा गर्नुहुँदै माननीय उपप्रधानमन्त्री सिंहले नेपालका ग्रामीण जनतालाई सडकसम्म पहुँच, स्थानीय शासन तथा सामुदायिक कार्यक्रम, मौसम परिवर्तन तथा वातावरण मैत्री स्थानीय शासन, महिला तथा बालबालिका शिक्षा आदि कार्यक्रममा सहयोग गरी नेपाली जनताको आर्थिक तथा सामाजिक उत्थानमा योगदान गरेकोमा बेलायत सरकार तथा जनतालाई धन्यवाद दिनु भएको थियो ।